# कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर ।

## कर्मचारी करारमा लिने सम्वन्धी सूचना ।
**(प्रथम पटक प्रकाशित मिति २०७७/०५/०५)**

कटारी नगरपालिकाको दैनिक कार्य संचालन गर्नको लागि देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूको यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम तथा पाठ्यक्रम कटारी नगरपालिकाको वेवसाइट www.katarimun.gov.np बाट डाउनलोड गर्न सक्नुहुनेछ ।

| सि. नं. | पद | तह | माग पद | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अमिन | सहायक स्तर चौथो | १ जना | रू. ५०० | |

**आवश्यक योग्यता**

लोकसेवा आयोगले लिने अमिन पदको न्युनतम योग्यता पुरा गरेको हुनुपर्ने छ ।

**कार्य अवधिः**

नगरको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने छ ।

**उमेरको हद :**

न्यूनतम १८ वर्ष पुगेको तथा अधिकतम पुरूषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**तलव** : सहायक स्तर चौथो तहको लागि नेपाल सरकारले तोकेको स्केल अनुरूप हुनेछ ।

**आवश्यक कागजातहरू** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि तथा अनुभव भएमा अनुभवको प्रमाणित प्रतिलिपि सहित आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रूपमा खुलाई निवेदन कटारी नगरपालिकामा पेश गर्नु पर्नेछ । समय भन्दा पछि आएका आवेदनहरूको उपरकारवाही गरिने छैन ।

**कार्य विवरणः**

कटारी नगरपालिकाले तोके बमोजिम ।

**छनौट प्रक्रियाः**

लिखित तथा अन्तर्वार्ताको लागि सम्पर्क मितिमा जानकारी गराईने छ । कटारी नगरपालिकाका स्थानिय वासिन्दालाई प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत